## शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ४४/०८१-८२, मितिः २०८१/१२/१५ गते**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नं. **१६७०१-१६७०७/०८१-८२ (खुला तथा समावेशी)**, संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत **राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक)**, **शाखा अधिकृत वा सो सरह** पदमा **दाङ परीक्षा केन्द्र** राखी Online दरखास्त स्वीकृत गराएका र परीक्षा केन्द्र परिवर्तन गरी **दाङ परीक्षा केन्द्र** कायम गरेका उम्मेदवारहरू मध्ये परराष्ट्र सेवामा मात्र दरखास्त दिई स्वीकृत भएका उम्मेदवारहरू बाहेक **नेपाल प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा**का सम्पूर्ण उम्मेदवारहरूको **प्रथम चरण**को प्रतियोगितात्मक लिखित परीक्षा देहाय बमोजिमको परीक्षा केन्द्रमा सञ्चालन हुने गरी परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उम्मेदवारहरूले आफ्नो प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ ।** सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहित लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा सुरु हुनुभन्दा १० (दस) दिन अगावै यस कार्यालयमा निवेदन दिनुपर्ने छ । **परीक्षार्थीहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने अन्य विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ ।**

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरूचि परीक्षण (Administrative Aptitude Test) | वस्तुगतः बहुवैकल्पिक प्रश्न (Objective: Multiple Choice Questions) | २०८१/१२/३० गते दिनको ११:०० बजे | १ घण्टा ३० मिनेट |

### परीक्षा भवन

| क्र. सं. | उम्मेदवारहरुको रोल नं. | | उम्मेदवारको सङ्ख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ६१०००१ | ६१०२२० | २२० | श्री रासी बबई क्याम्पस, केन्द्र (क), तुलसीपुर, दाङ । |
| २ | ६१०२२१ | ६१०४२० | २०० | श्री रासी बबई क्याम्पस, केन्द्र (ख), तुलसीपुर, दाङ । |
| ३ | ६१०४२१ | ६१०६०० | १८० | श्री रासी बबई क्याम्पस, केन्द्र (ग), तुलसीपुर, दाङ । |
| ४ | ६१०६०१ | बाँकी सबै उम्मेदवारहरू र परीक्षा केन्द्र परिवर्तन गरी दाङ परीक्षा केन्द्र कायम भएका सबै उम्मेदवारहरू | | श्री माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर, दाङ । |



फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेवसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np

द्रष्टव्य :-

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्ने छ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

३. परीक्षा हलभित्र कुनै पुस्तक, कागजात, झोला, क्याल्कुलेटर, मोबाइल फोन र स्मार्ट वाच लगायतका विद्युतीय उपकरणहरु ल्याउन पाइने छैन ।

४. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेश-पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटोसहितको कुनै परिचयपत्र अनिवार्यरूपमा साथमा लिई आउनुपर्ने छ ।

५. तोकिएको परीक्षा केन्द्र बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराइने छैन ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| (पदमबहादुर खत्री) | (रमेश घिमिरे) | (नारायणप्रसाद ज्ञवाली) |
| नायब सुब्बा | शाखा अधिकृत | कार्यालय प्रमुख |




फोन नं.: ०८२-५२२८२५/०८२-५२००१३, वेवसाइटः www.psc.gov.np, इमेलः dang@psc.gov.np